प्रस्तावना :

स्थानीय सरकार कालीगण्डकी गाउँपालिका स्याङ्जाले विगत २०७३ सालदेखि नै स्वास्थ्य क्षेत्रको पोषण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दैआएको छ ।२ वर्षमुनिका बच्चाहरुको नियमित तौल अनुगमन, वालभिटा वितरण, भिटामिन ए वितरण, जुकाको औषधी वितरण र CB-IMNCI कार्यक्रमहरु संचालन,२०७७ सालमा कालीगण्डकी अस्पताल र ४ वटा स्वास्थ्य संस्थामा बर्थिङ्ग सेन्टर संचालन सहित आमाहरुलाई क्याल्सियम चक्की, आईरन, जुकाको औषधी वितरण,प्रोटोकल अनुसार ANC/PNC Visit र किशोरीहरुका लागी विद्यालय शिक्षा आईरन तथा जुकाको औषधी वितरण र निःशुल्क स्यानिटरी प्याड वितरण यी यस गाउँपालिकाका आमा, बालबालिका तथा किशोरीहरुको पोषण सुधार योजनाका शुरुवाती कार्यक्रम हुन ।

हाल आएर आ व २०८०/८१ देखि नेपाल सरकारको विशेष अनुदान रकम प्राप्ती को शुरुवाती हुँदा यस गाउँपालिकाले आमा बालबालिका तथा किशोरीहरुको पोषण सुधारमा फड्को नै मारेको छ ।हाल आएर ०.८ प्रतिशत कुपोषण दर मातृ मुत्यु जिरो प्रतिशत र शत प्रतिशत संस्थागत सुत्केरी र ७ वटै स्वास्थ्य संस्थाहरु पोषण मैत्री घोषणा पोषणमैत्री स्थानीय शासन वडा घोषणाको अन्तिम चरणमा पुग्नु यस गाउँपालिकाको पोषण सम्बन्धी उच्चतम उपलब्धी हो ।

२०८३ साल मंसिर मसान्तसम्म पोषणमैत्री स्थानीय तह घोषणाका लागी प्रतिबद्धता भएतापनि २०८२ सालमा नै घोषणा गर्ने तयारीका साथ पोषण कार्यक्रम द्रुत गतिमा अगाडी बढेको समेत छ । पोषण मैत्री स्थानीय शासन र आमा, बालबालिका तथा किशोरीहरुको पोषण स्थितिमा सुधार ल्याउन वाञ्छनीय भएकोले स्थानीय सरकार ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कालीगण्डकी गाउँपालिका गाउँकार्यपालिकाले पोषण बैंङ्क स्थापना कार्यान्वयन कार्यविधि २०८२ बनाई लागु गरेको छ ।

## परिच्छेद — १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : यो कार्यविधीको नाम "पोषण बैंङ्क स्थापना कार्यान्वयन कार्यविधि, २०८२" रहनेछ ।

२. यो कार्यविधि कालीगण्डकी गाउँपालिकाको गाउँकार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात कालीगण्डकी निवासी गर्भवती, सुत्केरी र नव शिशु छोरीका घर परिवारमा लागु हुनेछ ।

३. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात सम्बन्धित गाउँपालिकाको आधिकारिक वेभसाईटमा समेत राखी सार्वजनिक गरिनेछ ।

४. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

स्थानीय सरकार
कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

(क) "कार्यविधि" भन्नाले कालीगण्डकी गाउँपालिकाको पोषण बैंङ्क कार्यान्वयन कार्यविधि २०८२ लाई सम्झनु पर्दछ ।

(ख) "अध्यक्ष" भन्नाले कालीगण्डकी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) "उपाध्यक्ष" भन्नाले कालीगण्डकी गाउँपालिकाको उपाध्यक्ष लाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कालीगण्डकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

(ङ) "गर्भवती भन्नाले" भन्नाले कालीगण्डकीगाउँपालिकामा स्थायी बसोबास गर्ने गर्भवतीहरुलाई सम्झनु पर्दछ ।

(च) "सुत्केरी" भन्नाले कालीगण्डकी गाउँपालिकामा स्थायी बसोबास गर्ने सुत्केरीलाई सम्झनु पर्दछ ।

(छ) "ऋणात्मक जनसंख्या" भन्नाले कुल जनसंख्याको घट्दो क्रमलाई सम्झनु पर्दछ ।

(ज) "छोरी जन्म" लिङ्गको हिसाबले जिवित महिला नवशिशुको जन्म सम्झनु पर्दछ ।

(झ) " मृत्यु" भन्नाले जिवन गुमाउनु वा समाप्त हुने सम्झनु पर्दछ ।

(ञ) " बसाई सराई " भन्नाले एक क्षेत्रबाट अर्कोक्षेत्रमा बसोबास गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ट) " पोषण" भन्नाले शरीरिक तथा मानसिक विकासका लागी आवश्यक पर्ने पौष्टिक आहारलाई सम्झनु पर्दछ ।

(ठ) "भत्ता" भन्नाले दफा ९ बमोजिम लाभग्राहीले प्राप्त गर्ने रकमलाई सम्झनु पर्दछ ।

## परिच्छेद — २

### उद्देश्यः

५. (क) प्रजनन् स्वास्थ्य अधिकारको सुनिश्चितता गर्दै प्रजनन् स्वास्थ्य अन्तर्गत भ्रुण पहिचान गरी गर्भपतन दरलाई घटाई जनसंख्या बीच सन्तुलन कायम गर्नु ।

(ख) बढ्दो जनसंख्याको ऋणात्मक दरलाई गुणस्तरीय जनसंख्या व्यवस्थापन गरी प्रजनन् दर र जनसंख्यागत बीच सन्तुलन कायम गर्न ।

(ग) समाजमा छोरी जन्माउने आमा प्रतिको नकारात्मक धारणालाई सकारात्मक धारणा तर्फ उन्मुख गर्न ।

(घ) बाह्य बसाई सराईलाई निरुत्साहित गरी आन्तरिक बसाई सराईलाई व्यवस्थित गर्न

(ङ) नयाँ जन्म छोरीलाई कुपोषण हुनबाट जोगाउन र शारीरिक मानसिक बृद्धि विकास गरी शैक्षिक योग्यतामा पहुँच पुर्याउन ।

(च) मातृ, शिशु तथा बाल्यकालीन पोषण र किशोरीहरुको पोषण सुधार गर्न ।

(छ) पोषणमैत्री स्थानीय शासन घोषणा गर्न ।

(ज) नमुना पोषण टोल निर्माण गर्न ।

भिम बहादुर थापा
गा. पा. अध्यक्ष

स्थानीय सरकार
कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
२०७३

६. गाउँपालिकाले सुनौला १००० दिनका आमाहरुलाई र छोरी सन्तानलाई प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ ।

(क) कालीगण्डकी गाउँपालिकामा स्थायी बसोबास गरेको प्रमाण र छोरी सन्तान जन्म भएको हुनुपर्नेछ।

(ख) जन्मिएको सन्तान नेपाल सरकारको मान्यता प्राप्त स्वास्थ्य संस्थामा प्रोटोकल अनुसार गर्भ जाँच गरेको प्रमाण हुनुपर्नेछ ।

(ग) यस कार्यविधि अनुसार छोरी सन्तानको नाममा रु.५००० रकम एक पटक मात्र खाता खोलिनेछ।

(घ) गर्भाधारण भएको १२ हसादेखि सुत्केरी भएको ४५ दिनसम्म यो सुविधा उपलब्ध गराइनेछ

(ङ) २५ जना सम्मको पोषणमैत्री टोल समूह निर्माण गरी विपन्न तथा पिछाडिएका सुनौला १००० दिनका आमाहरुमा आयआर्जनका लागि अनुदान रकम उपलब्ध गराईनेछ ।

(च) उपदफा ६(ग) र (घ) मा जे लेखियता पनि कुनै पनि परिवार अन्यत्र ठाउँबाट बसाईसराई आएको खण्डमा सो परिवारको छोरीलाई, गर्भवती, सुत्केरी र सुनौला १००० दिनका आमाहरुमा यो ऐन लागु हुनेछ।

७.विवरण पेश गर्नुपर्ने:

(क) सूचीकृत भएका स्वास्थ्य संस्थाको जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपी।

(ख) नेपाली नागरिकता, विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी।

(ग) बैंक खाताको विवरण ।

(ग) निवेदन पेश गरेको मिति भन्दा अगाडी गाउँपालिका कार्यालयलाई बुझाउनु पर्ने कर चुक्ता भएको रसिदको प्रतिलिपी ।

(ग) आमा सुनौला हजार दिनमा परेको प्रमाण बच्चाको जन्मदर्ता, गर्भवती वा सुत्केरी कार्ड, बच्चाको जन्म दर्ताको प्रमाण पत्र वा सम्बन्धित वडाको स्वास्थ्य संस्थाको सिफारिस ।

८. वडा कार्यालयको कर्तव्य: यस कार्यविधि बमोजिम दफा ७ मा उल्लेख भएका कागजातहरु वडा कार्यालयमा पेश भएको मितिले सात दिन भित्र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित गाउँकार्यपालिका कार्यालयमा पठाउनु पर्नेछ ।

९.भुक्तानी: सम्बन्धित वडा कार्यालयबाट लाभग्राहीको लागी कार्यविधि बमोजिमका कागजातहरु पुरा भई सिफारिस भई आएमा पोषण स्तर उकास्नका लागि (एक पटक मात्र) रु ५०००/ रुपैयाँ छोरीको नामको खातामा, गर्भवतीको र सुत्केरीको लागी रु मासिक ५००/ र सुनौला हजार दिनको आमाहरुका लागी अनुदान (एक पटक मात्र) रकम रु २५०००/ लाभग्राहीको बैंङ्क खातामा जम्मा गर्नु पर्नेछ ।

१०.अनुगमन सम्बन्धी व्यवस्था: यस कार्यक्रमलाई थप प्रभावकारी बनाउन गाउँपालिकाले देहाय बमोजिमको अनुगमन समितिको व्यवस्थापन गर्नेछ।

संयोजक: गाउँपालिका उपाध्यक्ष संयोजक

सदस्य: प्रमुख प्रशासकीय अधिकृत

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

नेपाल सरकार
कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याङ्जा

सदस्य सचिवः स्वास्थ्य संयोजक

११.अनुगमन समितिको काम कर्तव्य अधिकारः

क.पहिचान भएका लाभग्राहीका लागी अनुगमन नियमनका लागि समितिको बैठक प्रत्येक चौमासिकमा बस्नेछ ।

ख.कार्यक्रमको प्रभावकारीता सम्बन्धमा समितिले गाउँपालिकालाई सल्लाह सुझाव दिने छ।

(ग)यस कार्यविधिमा लेखिए बमोजिमका कागजातहरु पेश गरे नगरेको एकिन गरी तोकिए बमोजिमका कागजात पेश नगरेका लाभग्राहीहरुको विवरण गाउँकार्यपालिकामा पेश गर्ने ।

(घ) झुठ्ठा विवरण पेश गरेको नियमका अनुसार कार्वाईका लागी सिफारिस गर्ने ।

१२.बाधा अडकाउ फुकाउने अधिकारः यस कार्यविधिको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कालीगण्डकी गाउँकार्यपालिकाले सो बाधा अड्काउन फुकाउन लागी आदेश गर्न सक्नेछ ।

१३.कार्यविधि भए बमोजिम गरेको मानिनेः कालीगण्डकी गाउँपालिकाले यो कार्यविधि लागू हुनु भन्दा अघि गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

१४.खारेजी तथा बचाउः यो कार्यविधि नेपाल सरकार तथा प्रदेश सरकारसँग बाँझिएमा बाँझिएको हद सम्म अमान्य हुनेछ ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

## अनुसूची १

(दफा ७ संग सम्बन्धित)

## छोरी सन्तान जन्माउने बच्चाका लागी पोषण भत्ता माग गर्न वडा कार्यालयमा पेश गर्ने निवेदन

मिति :...............................

श्रीमान वडा अध्यक्ष ज्यू,

.............नं. वडा कार्यालय ...... स्याङ्जा ।

विषय : छोरी सन्तान बच्चाको लागि पोषण भत्ता रकम उपलब्ध गराईदिनु हुन ।

प्रस्तुत विषयमा स्याङ्जा जिल्ला कालीगण्डकी गाउँपालिका वडा नं.- .......... टोल............... वस्ने म निवेदक /आमा /वुवा.......................... को मिति..................मा ............अस्पताल/नसिङ्ग होम/वर्थिङ्ग सेन्टर ..........मा छोरी जन्म भएकोले यस गाउँपालिका बाट प्रस हुने छोरी सन्तानका लागी पोषण भत्ता रकम उपलब्ध गराईदिनु हुन तपसिल बमोजिमका कागजात यसै निवेदन साथ संलग्न राखी यो निवेदन पेश गरेकोछु ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

स्थानीय सरकार
कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्ता, स्याङ्जा
२०७३

निवेदक

दस्तखत :

नाम/थर :

ठेगाना :

सम्पर्क नं. :